# सार्वजनिक सुनुवाई कार्यक्रम २०७९

# प्रतिबेदन




**नेत्रावती डबजोङ गाँउपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**सेमजोङ,धादिङ ३ नं प्रदेश नेपाल**

**समवय प्रत्यूष नेटवर्क प्रा.ली., धादिङबेशी**

CamScanner

विषय सुचि


| सि.न. | विषय वस्तु | पेज न. |
|---|---|---|
| १ | सार्वजनिक सुनुवाईको कार्यक्रम प्रतिवेदन | ३ देखि १५ |
| २ | अनुसुचिहरु<br><br>क) सार्वजनिक सुनुवाईको उपस्थिती<br>ख) कार्यक्रमका झलकहरु<br>ग) कार्यक्रम सम्पन्न पत्र<br>घ) कार्यक्रम संग सम्बन्धित संचारमाध्यममा आएका समचार<br>ङ) कार्यक्रमका भिडियो सिडी सहित | |

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## १. परिचय

### १.१ पृष्ठभुमी

स्थानीय तहहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरु तथा सरोकारवाला नागरिक बीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सन्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवर्द्धन गर्दछ ।

यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मद्दत गर्दछ । यसरी सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई निरन्तर नागरीकहरु प्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ ।

सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका विषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरुसमेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ। यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ । यस प्रकृयालाई ध्यानमा राखि नेत्रावती डबजोङ गाँउपालिकाको बिभिन्न वडा तथा पालिका स्तरयि सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । मिति २०७९ साल पौष ५ गते वडा न १ मा, पौष ६ गते वडा न ४ मा,पौष ७ गते वडा न ५ मा र पौष ९ गते वडा न २ र ३ को सहित पालिका स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम संयोजनको जिम्मेवारी प्रत्यूष नेटवर्कलाई दिईएको थियो । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, बमोजिम संयोजकले सेवाग्राहीले सेवा सुविधाको प्राप्ति पछि कार्यालयबाट बाहिर निस्किने सेवाग्राहीको अभिमत (बहिर्गमन अभिमत), सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी पृष्ठपोषण गर्ने पद्धति (नागरीक प्रतिवेदन पत्र) अनुसारको प्रतिवेदन र नागरीक वडापत्रको आधारमा सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको थियो ।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य नागरिक र गाउँपालिकाकोबीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरिकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको थियो । सार्वजनिक सुनुवाइ स्थानीय बासिन्दाको स्थानीय तहको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन गाँउपालिका कार्यालयले गर्दै आएको छ ।

CamScanner

### १.२ कार्यक्रमको उद्धेश्य

- सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने
- जवाफदेहीताको संस्कार बसाउने
- पारदर्शिता दर्शाउने
- सुशासन प्रवर्द्धन गर्ने

## २. विधि

### २.१ समन्वय तथा प्रचार प्रसार

कार्यालयका कर्मचारी तथा विषयगत शाखाहरुसँग समन्वय बैठक राखि कार्यक्रमको पूर्व तयारी तथा कार्यक्रमको जानकारी गराईको थियो । सार्वजनिक सुनुवाईको सुचना स्थानिय रेडियो नीलकण्ठ एफ.एम. ९८.५ मेगाहर्ज तथा अनलाईन धादिङ संचार डट कम बाट प्रसारण तथा प्रकाशनकोब्यबस्था मिलाईएको थियो । सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सूचना तथा पत्राचार गरिएको थियो । वडा तथा पालिका तहबाट एसएमएस तथा सामाजिक संजालहरु मार्फत जानकारी गराईएको थियो ।

### २.२ सूचना तथा राय संकलन

**क) बहिर्गमन अभिमत**

कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरीकमध्येबाट आकष्मिक नमुना छनौट विधि प्रयोग गरी फरक फरक स्थानको १०० जनालाई बहिर्गमन अभिमत सूचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरियो ।

**ख) नागरीक प्रतिवेदन पत्र**

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी नेत्रावती डबजोङ गाउपालिकाका १०० जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो । नागरिक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित सूचनाको विश्लेषणलाई सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो । नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

**ग) नागरीक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन**

नागरीक वडापत्रमा उल्लेख गरिएको समय तालिका अनुसार सेवा प्रवाह भए नभएको एकिन गरी त्यसबाट प्राप्त नतिजालाई सार्वजानिक सुनुवाईका दिन प्रस्तुत गरिएको थियो ।

CS CamScanner

## ३. नतिजाहरु

### ३.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

वहिर्गमन अभिमतका लागि छनोट भएका १०० जना मध्ये ७४ पुरुष र २६ महिलाहरु थिए । त्यसैगरी नागरिक प्रतिवेदन पत्रमा सहभागी हुनेहरु मध्ये ६६ जना पुरुष तथा ३४ जना महिला रहेका थिए ।

### ३.२ बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया

बहिर्गमन अभिमतबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत गरीएको अभिमतमा समग्रमा गाउपालिका शुसाशन, पारदर्शिता र जफावदेहितामा अब्बल रहेको पाईयो । गाउपालिका भित्र बिभिन्न स्थानमा संचालन गरेको कार्यक्रमलाई सारम्शमा एक रिपोट तयार पारिएको छ ।

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा (☐ ) लगाउने | | |
|---|---|---|---|---|
| १. | सेवा लिँदा को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट<br>४० | ठीकै<br>४५ | अस्पष्ट<br>१५ |
| २. | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै<br>३६ | ठीकै<br>४७ | थोरै<br>१७ |
| ३. | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण<br>३९ | ठीकै<br>५८ | अभद्र/अमर्यादित<br>३ |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले कति स्पष्ट पारे? | अति स्पष्ट गरिदिए<br>३५ | ठीकै<br>६० | अलमल्ल पर्ने गरी अस्पष्ट सूचना दिए<br>५ |
| ५. | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए<br>३१ | ठीकै<br>६६ | समाधान दिन सकेनन्<br>३ |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो ( छोटो)<br>४५ | ठीकै<br>५० | लामो<br>५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

### ३.३ नागरीक पत्र मार्फत प्राप्त प्रतिक्रिया र अवस्था

नागरीक पत्र अभिमतबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रस्तुत गरीएको अभिमतमा समग्रमा गाउँपालिकाले प्रवाह गरेको सेवा सुविधा तथा बिकास निर्माणमा ठिकै देखिन्छ।

भाग १

| सि.न. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १. | सेवाको सन्तुष्टि | तपाई यस कार्यालयबाट प्राप्त सेवाबाट समग्रमा कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३५ | ६० | ५ |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३२ | ६४ | ४ |
| २. | सेवाको नियमितता | नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३९ | ५७ | ४ |
| | | कार्यालय नियमित रुपमाकर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | २६ | ६७ | ७ |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| | | | १०० | ० | ० |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसतमा कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | ७८ | १८ | ४ |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | सेवाप्रतिको जनविश्वास | यस कार्यालयले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ४३ | ४९ | ८ |
| | | यस कार्यालयले प्रदान गरेकोसेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै | ठीकै गरेको छन | विश्वास छैन |
| | | | ४५ | ५२ | ३ |
| | | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | ४६ | ४९ | ५ |
| | | यस कार्यालयले विपन्न वर्गको लागिछुट्याएको सेवा प्रयोग गरेको थाहापाउनु भएको छ ? | छ | छैन | अलिअलि छ |
| | | | २० | १२ | ६८ |
| ४. | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कमसन्तुष्ट | असन्तुष्ट |
| | | | ७८ | २० | २ |
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै | गाउँका ठूलाबडाको | मध्यस्थकर्ताको |
| | | | ४५ | ५५ | ० |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो | १ पटक | २ पटक | सो भन्दा बढी |
| | | | ४५ | ५२ | ३ |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ५. | सेवा सम्बन्धि जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो | ठीकै | नराम्रो |
| | | | ३५ | ६० | ५ |
| | | कार्यालयमा भएको नागरीक वडापत्र बारे तपाईलाई जानकारी छ ? | छ | आंशिक छ | कुनै जानकारी छैन |
| | | | २३ | ३२ | ४५ |
| | | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो | ठीकै | खासै राम्रा छैन |
| | | | ३४ | ६२ | ४ |
| | | गाँउपालिकामा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्तकृत वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दा कम | थाहा छैन |
| | | | ३१ | २२ | ४७ |
| | | गाँउ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ | ठीकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | | ५९ | ३२ | ९ |
| ६. | नागरीक वडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरीक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन्? | धेरै | कम | गरेका छैनन |
| | | | ३२ | ६० | ८ |
| | | तपाईको विचारमा सेवा प्रदायकहरूले नागरीक वडापत्र अनुरुप कुनहदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीकै | अति कम |
| | | | ३० | ६० | १० |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीकै | छैन |
| | | | ४५ | ४९ | ६ |

भाग २

| सि.न. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १. | सिफारिस सम्बन्धी | सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ? | पाएँ | ठीकै पाएँ | स्पष्ट पाइँन |
| | | | ४० | ५५ | ५ |
| | | कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो? | दिएँ | थोरै दिएँ | मागिएन र दिईंन पनि |
| | | | ० | ० | १०० |
| | | त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ? | आफैं | कार्यालयकै मान्छे | नेता /ठूलाबडा |
| | | | ४१ | ४९ | १० |
| | | राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन्? | सबैसँग कर उठाउँछन | सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् | धेरै वक्यौता रहने गरेको छ |
| | | | ८८ | ८ | ४ |
| २ | पुर्वाधार तथा सरसफाई सम्बन्धी | कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ? | राम्रो | ठीकै | खराब |
| | | | ७६ | २१ | ३ |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? | तुरुन्तै हुन्छ | पटक पटक भनेपछि मात्रै हुन्छ | जति भनेपनि हुन्न |
| | | | ८७ | १० | ३ |
| | | तपाईको विचारमा गाँउपालिको सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रमके कस्तो किसिमले गर्छ? | नियमित र राम्रो संग | ठीकै गर्छ | नियमित रुपमा गर्दैन |
| | | | ८० | १५ | ५ |
| | | तपाईकोगाँउपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ? | राम्रो | ठीकै | खराब |
| | | | १६ | ८१ | ३ |
| | | तपाईको गाँउपालिकाले सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन्? | प्रभावकारी छन | ठीकै छन | प्रभावकारी छैनन |
| | | | ४१ | ४९ | १० |
| | | योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | सहज | ठीकै | अप्ठयारो |
| | | | ६४ | ३० | ६ |
| | | योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? | पर्दैन | मागेरै लिन्छन | रकम नदिए अप्ठ्यारो पार्छन |
| | | | ९५ | | ५ |
| | | योजना सञ्चालन गर्दा गाँउपालिकावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ? | सजिलै पाईयो | कहिले काँही पाइयो | माग गर्दा पनि पाइएन |
| | | | ७३ | २४ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ? | सजिलै पाइन्छ | सोधेपछि पाइन्छ | सोधेपनि पाइदैन |
| | | | ६९ | २६ | ५ |
| | | स्थानीय तहको आचारसंहिता पालना भएको छ ? | पालना भएको छ | ठीकै पालना भएको छ | कत्ति पनि पालना भएको छैन |
| | | | ६५ | ३० | ५ |
| | | योजना सञ्चालन गर्दा गाँउपालिका वाट कत्तिको सहयोग पाउनु भएको छ ? | धेरै सहयोग पाएको छु | ठीकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
| | | | ३५ | ६५ | ० |
| ३ | यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ? | आर्थिक श्रोत कस्तो छ ? | आवश्यक श्रोत उपलब्ध | कम श्रोत उपलब्ध | अति कम श्रोत उपलब्ध |
| | | | ३५ | ५५ | १० |
| | | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? | अति सरल | ठीकै | जटिल |
| | | | ३४ | ६१ | ५ |
| | | कार्यालयमा भंएका कर्मचारीमा सीप कस्तो छ ? | आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| | | | ७० | २५ | ५ |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाँउपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ? | टाँसेको देखेको छु | कहिले काँही टाँसेको देखिन्छ | खै कतै देखिएन |
| | | | २३ | १२ | ६५ |
| | | कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ? | छ | ठीकै मूल्यांकन हुने गरेको छ | कहिले पनि भएको थाहा छैन |
| | | | ४५ | ४५ | १० |
| | | वर्तमान्कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | जानकारी छैन |
| | | | ४६ | ३४ | २० |
| ४ | पारदर्शिता सम्बन्धी | गाँउपालिकामा अहिले सम्म यस बर्ष कतिवटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भए ? | १ वटा | २ वटा | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | | ९० | ७ | ३ |
| | | गाँउपालिकामा अहिले सम्म यस बर्ष कतिवटा सार्वजनीक परीक्षण कार्यक्रम सम्पन्न भए ? | धेरै | कम | भएकै छैन |
| | | | ४५ | ३५ | २० |
| | | गाँउपालिकामा अहिले सम्म यस बर्ष कतिवटा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भए ? | भएको छ | अहिलेसम्म सञ्चालन भएकै छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | | ३५ | १३ | ५२ |
| | | सार्वजनीक सुनुवाईमा गरिएका सार्वजनीक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ? | धेरै | ठीकै | कम |
| | | | २२ | ७२ | ६ |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | सार्वजनीक सुनुवाईको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ? | संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेको छैन | कुनै जानकारी नै छैन |
| | | | १९ | १५ | ६६ |
| | | यस कार्यालयको बार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ? | धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| | | | २२ | ६६ | १२ |

श्रोत : स्थलगत प्रश्न उत्तर २०७९

**४.१ कार्यकमको विवरण**

मिति २०७९ साल पौष ५ गते नेत्रावती डवजोङ गाउपालिका वडा न १ को सार्वजनिक सुनुवाई कार्यक्रम वडा अध्यक्ष ठाकुर गुरुङको अध्यक्षता तथा गाउपालिकाका अध्यक्ष मेगनाथ रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा स्थानिय स्वास्थ्य चौकीका प्रमुख, मार्पाक प्रहरी चौकीका प्रमुख लगाएत वडा भित्रका कर्मचारी, सरोकारवाला निकाय लगाएत स्थानियहरुको सहभागिता रहेको थियो। प्रत्यूष नेटवर्क प्रा.ली.को तर्फ बाट बद्री अधिकारीले सहजीकरण गर्नु भएकोकार्यक्रममा उठेका सवालहरुको जवाफ वडा अध्यक्ष, कर्मचारी, तथा पालिकाका अध्यक्ष मेघनाथ रिजालले दिनुभएको थियो। नेत्रावती डवजोङ गाउपालिका वडा न १को सार्वजनिक सुनुवाई कार्यक्रम  वडा १ को कार्यालय प्राङ्गण मार्पाकमा सम्पन्न भएको हो। कार्यक्रममा १०९ जनाको सहभागिता रहेको थियो।

नेत्रावती डवजोङ गाउपालिका वडा न ४ को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९ साल पौष ६ गते वडा कार्यालयको पाङ्गणमा सम्पन्न भएको छ। वडा अधयक्ष तिल बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गाउपालिकाका अध्यक्ष मेघनाथ रिजालको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा गाउपालिकाका तर्फ बाट योजना तथा प्रशासन शाखा प्रमुख अनुप लामिछानेले सार्वजनिक सुनुवाईको महत्व, बिषयबस्तु र उदेश्यको बारेमा प्रष्ट पार्नु भयो। प्रत्यूष नेटवर्क प्राली.को तर्फबाट बद्री अधिकारीले सहजीकरण गर्नु भएको कार्यक्रममा उठेका सवालहरुको जवाफ गाउपालिकाको तर्फ बाट अध्यक्ष मेघनाथ रिजाल, योजना तथा प्रशासन शाखाका प्रमुख अनुप लामिछाने र वडाको तर्फबाट वडा अध्यक्ष तिल बहादुर गुरुङले दिनुभएको थियो। कार्यक्रममा १०९ जनाको सहभागिता रहेको थियो।

नेत्रावती डवजोङ गाउपालिका वडा न ५ को सार्वजनिक सुनुवाई कार्यक्रम २०७९ पौष ७ गते सम्पन्न भएको छ। वडा अध्यक्ष हरि अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउपालिकाका अध्यक्ष मेघनाथ रिजालको प्रमुख आतिथ्यता तथा उपाध्यक्ष सिता माया चोदेन गुरुङको बिशिष्ट आतिथ्यता र गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरेराम शाहको बिशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो।  जना सहभागिता रहेको कार्यक्रममा वडा अध्यक्ष तथा पालिकाबाट पाल्नु भएका गाउपालिकाका

अध्यक्ष मेघनाथ रिजाल, उपाध्यक्ष सिता माया चोदेन गुरुङ, प्रमुख प्रशासकिय अधिकृत हरेराम शाहले उठेका सवालको जवाफ दिनुभएको थियो । कार्यक्रमको सहजीकरण प्रत्यूष नेटवर्क प्रा.ली.को तर्फ बाट बद्री अधिकारीले गरेका थिए ।

नेत्रावती डबजोङ गाउपालिका वडा न २ र ३ र पालिका स्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९ साल पौष ९ गते पालिका प्राङ्गण सेमजोङमा सम्पन्न भएको छ । गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरेराम शाहको अध्यक्षतामा भएको कार्यक्रममा गाउपालिकाका अध्यक्ष मेघनाथ रिजाल,उपाध्यक्ष सितामाया चोदेन गुरुङ, वडा न २ का वडा अध्यक्ष र वडा न ३ का वडा अध्यक्ष शुरेश वाईवा, शाखा प्रमुखहरु, राजनितिक दलका प्रतिनिधिहरु लगाएत सरोकारवाला र पत्रकारहरुको समेत आतिथ्यता कार्यक्रम सम्पन्न भएको छ ।

सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको जवाफ वडा संगको वडा अध्यक्षहरुले र पालिका संगको जवाफ शाखा प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत र गाउपालिकाका अध्यक्ष मेघनाथ रिजालले गर्नु भएको थियो । कार्यक्रम बिहान १२ बजे देखि दिउसो ३ बजे सम्म संचालन भएको थियो ।

**४.२ सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया , मन्तवय, तथा प्रतिवद्धता**

☐ गाउपालिकाले यस्तो सार्वजनिक सुनुवाई गरेकोमा सहभागीहरु बाट पालिकालाई धन्यवाद व्यक्त

☐ विकास निर्माण तथा गापाको मातहतमा रहेका शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य शाखाहरुलाई

अझ सशक्त बनाई आउने दिनमा सबैमा यसको अनुभुति हुने किसिमको कार्य गर्न अनुरोध

**समापन तथा प्रतिबद्धता**

☐ सुशासन अभिबृद्धि गर्नका लागि सुशासनका औजारहरु आत्मसाथ गर्दै अगाडी बढनेछौं ।

☐ यस सार्वजनिक सुनुवाई कार्यक्रमले गर्दा गापाले दिने सेवा प्रवाहका कमी कमजोरी जानकारी भएकोले सच्चाउने मौका प्राप्त भएको छ । जनताका गुनासालाई सम्बोधन गर्दै अघि बढ्नेछौं ।

☐ सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य नागरिक र गा.पा. बीचमा दोहोरो सम्वाद स्थापित

गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरिकबाट रचनात्मक सुझाव प्राप्त भएको छ ।

☐ सार्वजनिक सुनुवाइ गा.पा.को कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी

लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन गापाले गर्दै आएको छ र आउने दिनहरुमा पनि गर्दै जाने छ ।

☐ सार्वजनिक सुनुवाई कार्यक्रमका लागि बहिर्गमन अभिमत र नागरीक प्रतिवेदन पत्रको

तयारीको सम्बन्धमा आफ्नो मत दिनुहुने सेवाग्राहीहरु, कार्यक्रममा उपस्थित भएर जिज्ञासा,

CamScanner

सुझाव दिनुहुने गाउँपालिकावासी, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, कर्मचारी, पत्रकार र उपस्थित सर्वसाधारण सबैमा हार्दिक धन्यवाद दिन चाहन्छौ ।

☐ उक्त सार्वजनिक सुनुवाइमा कार्यक्रममा उठेका सवालहरुको सम्बन्धमा गरिएका प्रतिबद्धताहरु पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौ ।

☐ अन्त्यमा कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा गुनासोहरुलाई ग्रहण गरी अगामी दिनहरुमा यथा सम्भव सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गरिएको छ ।

CS CamScanner

नेत्रावती डबजोङ गाउँपालिका

# १ नं. वडा कार्यालय

मार्पाक, धादिङ

वागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०

चलानी नं. ३३१

मितिः २०७९/०९/०५

विषयः जानकारी सम्बन्धमा।

श्री जो जस सँग सम्बन्धित छ।

प्रस्तुत विषयका सम्बन्धमा धादिङ जिल्ला नेत्रावती डबजोङ गाउँपालिकाको आयोजना तथा प्रत्युष नेटवर्क प्रा.लि को समन्वयमा मिति २०७९/ पौष ५ गते नेत्रावती डबजोङ गाउँपालिका वडा नं. १ को सार्वजनिक सुनवाई कार्यक्रम व्यबस्थित तवर बाट सम्पन्न भएको ब्यहोरा सबैमा जानकारी गरिन्छ।

ठाकुर गुरुङ

वडा अध्यक्ष

CamScanner

# नेत्रावती डबजोङ गाउँपालिका
## Netrawati Dabjong Rural Municipality

४ नं. वडा कार्यालय / ........... No. Ward Office

भोग्टेनी, धादिङ / ...................., Dhading

बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal

संख्या (F/Y) :

चलानी नम्बर (Ref. No.):

मिति (Date) २०७९।९।६

विषय / (Subject) :

श्री / (Shree) : जो जस सग सम्बन्धित छ ।

नेत्रावती डबजोङ गा.पा को आयोजना तथा प्रत्युष नेटवर्क प्रा.लि को समन्वयनमा मिति २०७९ पौष ६ गते नेत्रावती डबजोङ गा.पा वडा नं ४ को सावर्जनिक सुनुवाई कार्यक्रम वडा कार्यालयको प्राङगणमा व्यवस्थित तवरले सम्पन्न भएको व्यहोरा सवैमा जानकारी को लागि अनुरोध गरिन्छ ।

२०७९।९।६

तिल बहादुर गुरुङ

वडा अध्यक्ष

नेत्रावती डबजोङ गाउँपालिका
४ नं. वडा कार्यालय
भोग्टेनी, धादिङ
बागमती प्रदेश, नेपाल

# नेत्रावती डबजोङ गाउँपालिका
## Netrawati Dabjong Rural Municipality
५ नं. वडा कार्यालय, 5 No. Ward Office
कटुञ्जे, धादिङ, Katunje, Dhading
बागमती प्रदेश, Bagmati Province, Nepal

संख्या (F/Y): २०७९/०८०
चलानी नम्बर (Ref. No.):

मिति (Date) २०७९/०९/०७

विषय/(Subject):

श्री/(Shree): जो जससँग सम्बन्ध छ ।

प्रस्तुत विषयका सम्बन्धमा यस नेत्रावती डवजोङ गाउँपालिकाको आयोजनामा तथा प्रत्युष नेटवर्क प्रा.लिको समन्वयमा मिति, २०७९ साल पौष महिना ७ गते सुशासन, पारदर्शिता र जवाफदेहितामा आधारित वडा नं. ५ को सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. ५ को प्राङगणमा व्यवस्थित तवरले सम्पन्न भएको व्यहोरा सम्बन्धित सवैमा जानकारीको लागी अनुरोध गरिन्छ ।

हरि अधिकारी
वडा अध्यक्ष

CamScanner

# नेत्रावती डबजोङ गाउँपालिका

## Netrawati Dabjong Rural Municipality

**२ नं. वडा कार्यालय/2 No. Ward Office**

**ताङजोमाने, धादिङ/Tangjomane, Dhading**

**बागमती प्रदेश, नेपाल/Bagmati Province, Nepal**

नेत्रावती डबजोङ गाउँपालिका
२ नं. वडा कार्यालय
ताङजोमाने, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या (F/Y) २०७९, ०८०
चलानी नं (Ref No.) :

मिति २०७९, ०९, ०९

श्री जो जससँग सम्बन्ध छ।

विषय : जानकारी सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा नेत्रावती डबजोङ गाउँपालिकाको आयोजना तथा प्रत्युष नेटवर्क प्रा.लि.को समन्वयमा मिति २०७९ साल पौष महिना १ गते नेत्रावती डबजोङ गाउँपालिका वडा नं २ का सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको। भवनको प्राङ्गणमा व्यवस्थित तवरले सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध गरिन्छ।

मिन बहादुर तामाङ
वडा अध्यक्ष

मिन बहादुर तामाङ
वडा अध्यक्ष

# नेत्रावती डबजोङ गाउँपालिका
## Netrawati Dabjong Rural Municipality
३ नं. वडा कार्यालय/3 No. Ward Office
सेमजोङ, धादिङ/Semjong, Dhading
बागमती प्रदेश, नेपाल/Bagmati Province, Nepal

संख्या (F/Y): २०७९/०८०
चलानी नम्बर (Ref. No.):

मिति (Date): २०७९/०९/०९

विषय/(Subject): जानकारी सम्बन्धमा ।

श्री/(Shree): जो जस सगं सम्बन्ध राख्दछ ।

प्रस्तुत बिषयका सम्बन्धमा यस नेत्रावति डबजोङ गाँउपालिकाको आयोजना तथा प्रत्युष नेटवर्क प्रा लि को समन्वयमा मिति २०७९ साल पौष महिना ९ गते नेत्रावती डबजोङ गाँउपालिका वडा न ३ को सार्वजनिक सुनुवाई कार्यक्रम पालिका भवनको प्राङ्गणमा व्यवस्थित तवरले सम्पन्न भएको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

२०७९/०९/०९

सुरेश गुरुङ
वडा अध्यक्ष

सुरेश गुरुङ
वडा अध्यक्ष